मितिः२०७५/१२/१७

# ***प्रेस विज्ञप्ति***

यस नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार मिति २०७५/१२/०५ गते गिजागाडखोला तटवन्धन र राडीदेखि घारीखोला सडक स्तरोन्नतिको लागि सम्बन्धित श्रम सहकारी/उपभोक्ता समिति/संस्था/समूह मार्फत सिलबन्दी प्रस्ताव पेश गर्न प्रकाशित सूचना अनुसार मिति २०७५/१२/१७ गते मध्यान्ह १२ बजेसम्म प्रस्ताव पेश गर्ने समय तोकिएकोमा केही उच्छृङ्खल र अनुशासनहिन व्यक्तिहरुले मदिरासमेत सेवन गरी उक्त खरिद प्रक्रियालाई प्रभावित पार्न एवम् अन्य प्रस्तावदाताहरुको बोलपत्र सम्बन्धी कागजात कब्जा गरी प्रतिष्पर्धालाई सिमित पारेर आफ्नो अराजक, अमर्यादित र उच्छृङ्खल व्यवहार मार्फत राज्यशक्तिलाई समेत मुकदर्शक तुल्याई राज्य कोषको दोहन गर्न योजनाबद्ध ढङ्गले संगठित भई यस नगरपालिकाको दैनिक प्रशासनिक कामकारवाही चलिरहेको अवस्थामा एवम् वडा नं. ९, १०, ११ र १२ को लागि अपाङ्गता परिचयपत्र वितरण शिविर समेत सञ्चालन भईरहेको अवस्थामा कार्यालय समयभित्र यस नगरपालिका कार्यालयमा प्रवेश गरी कार्यालयमा समेत तोडफोड गरेर प्रमुख प्रशासकिय अधिकृत लगायतका अन्य कर्मचारी समेतलाई गालीगलौज गर्दै अमर्यादित व्यवहार समेत गरी हातपात गर्न खोजी एवम् नगरपालिकाको कार्यालयमा ढुङ्गामुडा गरी सार्वजनिक सम्पत्तिमा समेत क्षति पुऱ्याउने उद्देश्यकासाथ सार्वजनिक शान्ति, सुरक्षा र अमनचयनमा खलल पार्ने कार्य गरेकोबाट यस नगरपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ ।

सोही क्रममा घटनालाई नियन्त्रण गर्ने क्रममा यस नगरपालिकामा कार्यरत नगर प्रहरी श्री दिपक थापा, कुशल खड्का र यस नगरपालिकाको गेट निर्माण कार्यमा खटिएका मजदूर श्री निशान कामी निजहरुले हानेको ढुङ्गा लागि सक्त घाईते समेत भएका छन् । निजहरुले प्रदर्शन गरेका पशुजन्य, अनुशासनहिन र गैरकानूनी क्रियाकलाप नगरपालिकाको **CCTV Footage** मा समेत कैद गरिएको र कैद गरिएका दृश्यहरु नै निजहरुलाई कानून बमोजिमको कारवाही गर्न पर्याप्त छन् । सार्वजनिक शान्ति, सुव्यवस्था र अमनचयनमा गम्भीर खलल पुग्ने गरी राज्यशक्तिलाई नै चुनौती दिने यस्ता कर्तुत अक्षम्य छन् ।

तसर्थ, कानूनको शासनको धज्जी उडाउँदै सार्वजनिक सेवा प्रवाह, शान्ति, सुरक्षा र अमनचयनमा दखल पुऱ्याउने उद्देश्यले संगठित रुपमा योजनाबद्ध ढङ्गले घटना घटाउन खोज्ने जोकोही भएपनि कानून बमोजिमको कारवाहीको प्रक्रिया यथाशिघ्र अगाडी बढाई दोषीमाथि कडा कारवाही गरी सार्वजनिक शान्ति, सुरक्षा र अमनचयन कायम गर्नु तथा गराउनु हुन सम्बन्धित निकायको यस नगरपालिका गम्भिर ध्यानाकर्षण गराउन चाहन्छ। नागरिक सुरक्षाजस्तो संवेदनशिल विषयमा सम्बन्धित निकाय सधैं चनाखो, सतर्क र जिम्मेवार रहन एवम् स्थानीय तहका प्रशासनिक केन्द्रहरुको सुरक्षामा विशेष ध्यान दिई

सार्वजनिक सेवाप्रवाह र सेवाप्रदायक एवम् सेवाग्राहीको जिउज्यान र अधिकारको सुरक्षाको ग्यारेन्टी गर्न नगरपालिका हार्दिक अपिल गर्दछ । कसैको घुर्की र धम्कीबाट नडराई नगरपालिकाको कामकारवाहीलाई अझ बढी सशक्त, निष्पक्ष, पारदर्शि, जवाफदेहीपूर्ण ढङ्गले अगाडी बढाउने दृढ प्रणका साथ नगरपालिकाको सिंगो परिवार एकतावद्ध ढङ्गले लाग्नेछ । राजनीतिक आड र आडम्बरीमा अपराधिक मानसिकताकासाथ विधि, पद्धति र प्रक्रियालाई मिचेर अगाडी बढ्न खोज्ने प्रवृत्तिको स्थानीय प्रशासन समेतको सहयोगमा सामूल अन्त्य गरिनेछ । अन्तमा, सार्वजनिक शान्ति, सुव्यवस्था, अमनचयन, सामाजिक सद्भाव र सहिष्णुता कायम गर्दै समतामूलक र न्यायपूर्ण नगरपालिकाको निर्माणको खातिर मन, वचन र कर्मले लाग्न र कोही कसैको अपवाह र भ्रममा नपर्न नगरपालिकावासी सम्पूर्ण आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरुमा नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

रामबहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत